बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०८/०२

प्रस्तावनाः प्रविधि र पूर्वाधार विकास मार्फत कृषि क्षेत्रको रुपान्तरणको लागि मन्त्रालय तथा मातहतका कार्यालयहरुबाट पशुपन्छी तथा मत्स्य क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि सञ्चालन हुने प्रविधि र पूर्वाधार विकास सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) अनुसार मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद-१
## परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"प्रविधि र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"आवेदक"** भन्नाले कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि फर्म सम्झनु पर्छ । सो शब्दले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको खण्डमा कुनै विशेष सहकारी, महासंघ भएमा सोलाई मात्र जनाउदछ ।

(ख) **"कार्यक्रम"** भन्नाले सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको कृषि विकास कार्यालय र पशु सेवा कार्यालय सम्झनु पर्छ ।

(घ) **"कृषक समुह"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समुह सम्झनु पर्छ ।

(ङ) **"कृषि सहकारी"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि सहकारी सम्झनु पर्छ ।

(च) **"निर्देशनालय "** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(छ) **"निजी क्षेत्र"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका कृषि फर्म/कम्पनी सम्झनु पर्छ ।

(ज) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(झ) **"प्रस्ताव"** भन्नाले आवेदकले पेश गरेको कार्यक्रम सहितको कार्ययोजना सम्झनु पर्छ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(ञ) "बोर्ड" भन्नाले मन्त्रालय मातहतको प्रदेश दुग्ध विकास बोर्ड सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ ।

(ठ) "स्थानीय तह" भन्नाले प्रदेशको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउंपालिकालाई सम्झनु पर्छ ।

(ड) "साझेदार" भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भएका आवेदक सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम र सञ्चालन प्रक्रिया

१. रेम्बो ट्राउट पूर्वाधार विकास कार्यक्रम

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. कार्यक्रममा प्रस्ताब पेश गर्न सक्ने आवेदकको थप न्युनतम मापदण्ड निर्देशनालय/कार्यालयले तय गर्न सक्नेछ,

ग. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

घ. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

ङ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

च. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

छ. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

ज. आवश्यकता अनुसार मूल्याङ्कनको आधारहरु समितिले तयार गरी बोर्ड/ निर्देशनालय/ कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

झ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

ञ. यस कार्यक्रम अन्तर्गत निर्देशनालय/कार्यालयले प्रती साझेदार अधिकतम रु. १५ लाख रकम प्रदान गर्न सक्नेछ ।

ट. रेम्बो ट्राउट पूर्वाधार विकास कार्यक्रम अन्तर्गत साझेदारले कम्तिमा ३७५ वर्ग मिटर क्षेत्रफलमा रेशवे निर्माण एबम आन्तरिक कुलो सहितको पानी व्यवस्थापन र रिजर्भ टयांक निर्माण गर्न सक्नेछ ।

२. निजी क्षेत्रको साझेदारीमा दुग्धजन्य पदार्थ भण्डारणको लागि कोल्डरूम निर्माण सहयोग कार्यक्रम

क. राष्ट्रियस्तरको पत्रिकामा अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. कार्यक्रममा प्रस्ताब पेश गर्न सक्ने आवेदकको थप न्युनतम मापदण्ड निर्देशनालय/कार्यालयले तय गर्न सक्नेछ,

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

ग. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

घ. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

ङ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

च. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

छ. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

ज. आवश्यकता अनुसार मूल्याङ्कनको आधारहरु समितिले तयार गरी बोर्ड/ निर्देशनालय/ कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

झ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

ञ. लागत अनुमान स्वीकृत हुनुपर्नेः दुग्धजन्य पदार्थ भण्डारणको लागि कोल्डरुम निर्माणको लागि वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ,

ट. दुग्धजन्य पदार्थ भण्डारणको लागि कोल्डरुमको चिस्यान क्षमता ५ मे.ट. हुनुपर्नेछ,

ठ. यस कार्यक्रम अन्तर्गत निर्देशनालय/कार्यालयले प्रती साझेदार अधिकतम रु. ५ लाख रकम प्रदान गर्न सक्नेछ ।

ड. कोल्डरुम निर्माण व्यवसायीको छनौटः सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गर्नुपर्नेछ ।

३. <u>चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ ली. को २० प्रतिशत सहकार्यमा ५० मे.ट. क्षमताको कोल्ड रूम स्थापना गर्ने कार्यक्रम</u>

क. चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ ली. ले ५० मे.ट. चिस्यान क्षमताको कोल्ड रूम सम्बन्धी डिजाइन र लागत अनुमान सहित प्रस्ताव पेश गर्न ३० दिनको समयसीमा दिइ पत्राचार गर्ने,

ख. दर्ता भएको प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

ग. आवेदकसगँ सम्झौता गर्नुपर्ने,

घ. सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण तथा खरिद कार्य गर्नुपर्ने,

४. <u>बाख्राको बड्क्यौलाबाट मल बनाउने प्रबिधि तथा पूर्बधारमा सहयोग कार्यक्रम</u>

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. यस कार्यक्रममा आवेदको रुपमा बाख्रा पालन गरिरहेका फर्म, कम्पनी, सहकारी संस्था र समूहहरुले मात्र आवेदन दिन सक्नेछन्,

ग. कार्यक्रममा प्रस्ताब पेश गर्न सक्ने आवेदकको दैनिक न्यूनतम १५० के.जी बड्क्यौला उत्पादन वा सङ्कलन भएको र निजी फार्मको हकमा कम्तीमा १०० संख्यामा बाख्रा पालन गरिरहेको र समूह, कम्पनी तथा सहकारीको हकमा २०० संख्यामा बाख्रा पालन गरिरहेको हुनु पर्नेछ,



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

घ. आवेदकले अनिवार्य रुपमा बाख्राको बिमा गरेको हुनु पर्नेछ,

ङ. कार्यक्रममा प्रस्ताब पेश गर्न सक्ने आवेदकहरुको लागि थप न्युनतम मापदण्डहरु निर्देशनालयले तय गर्न सक्नेछ,

च. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

छ. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

ज. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

झ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

ञ. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

ट. आवश्यकता अनुसार मूल्याङ्कनको आधारहरु समितिले तयार गरी निर्देशनालय/कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

ठ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

ड. यस कार्यक्रम अन्तर्गत निर्देशनालय/कार्यालयले टहरो निर्माण, मल प्रशोधन मेसिनरी उपकरण खरिद, मल कुवाउने जीवाणु खरिद, मल प्रशोधनसँग सम्बन्धित क्रियाकलापहरु संचालन तथा अन्य उपकरण र समाग्रीहरु खरिदको लागि प्रति साझेदार अधिकतम रु. २० लाख रकम प्रदान गर्न सक्नेछ ।

ढ. सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम निर्माण तथा खरिद कार्य गर्नुपर्ने,

५. <u>खसी बोका संकलन केन्द्र स्थापना</u>

क. राष्ट्रियस्तरको पत्रिकामा अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. कार्यक्रममा प्रस्ताब पेश गर्न सक्ने आवेदकसँग प्रति खसी/बोका १ वर्ग मी. क्षेत्रफलको दरले ५०० खसी/बोका अट्न सक्ने, उक्त स्थानमा सवारी साधान आवत जावतको लागि बाटोको व्यवस्था, ढल निकास तथा मलमुत्रको उचित व्यवस्थापन गर्न सकिने जग्गा हुनु पर्नेछ,

ग. कार्यक्रममा प्रस्ताब पेश गर्न सक्ने आवेदकको थप न्युनतम मापदण्ड निर्देशनालय/कार्यालयले तय गर्न सक्नेछ,

घ. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

ङ. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

च. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

छ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

ज. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

झ. आवश्यकता अनुसार मूल्याङ्कनको आधारहरु समितिले तयार गरी निर्देशनालय/कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

ञ. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

ट. खसी बोका संकलन केन्द्र निर्माणको लागि वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ,

ठ. यस कार्यक्रम अन्तर्गत निर्देशनालय/कार्यालयले खुला टहरा निर्माण, खोर निर्माण, घाँस दानापानी दिने ठाँउ निर्माण, Isolation shed निर्माण, दाना भण्डार तथा संकलन केन्द्रलाई आवश्यक पर्ने अन्य भौतिक संरचना र उपकरण, समाग्रीहरु खरिदको लागि प्रति साझेदार अधिकतम रु. १५ लाख रकम प्रदान गर्न सक्नेछ,

ड. सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम निर्माण कार्य गर्नुपर्ने,

६. <u>आधुनिक कोल्डरुम/बधस्थल निर्माण कार्यक्रमः</u>

क. अनुसूची-१ बमोजिम सूचना प्रकाशन गर्नुपर्ने,

ख. माग बमोजिम आवेदन प्राप्त नभएमा दोस्रो पटक १५ दिनको समयसीमा राखी पुनः सूचना प्रकाशन गर्नुपर्ने,

ग. आवेदकले आवेदनको साथ सूचनामा उल्लेखित आवश्यक कागजात पेश गर्नुपर्ने,

घ. दर्ता भएका प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने,

ङ. प्रस्ताव मूल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम समिति गठन गर्नुपर्ने,

च. मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ,

छ. आवश्यकता अनुसार मूल्याङ्कनको आधारहरु समितिले तयार गरी निर्देशनालय/कार्यालयवाट स्वीकृत गर्नुपर्ने,

ज. छनौट भएका आवेदकसगँ सम्झौता गर्नुपर्ने,

झ. आधुनीक कोल्डरुम/बधस्थल निर्माणको लागि वार्षिक कार्यक्रम र बजेटको अधिनमा रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेछ,

ञ. कोल्डरुमको चिस्यान क्षमता १० मेट्रिक टन हुनुपर्नेछ,

ट. यस कार्यक्रम अन्तर्गत निर्देशनालय/कार्यालयले प्रती साझेदार अधिकतम रु. १५ लाख रकम प्रदान गर्न सक्नेछ,

ठ. सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम आधुनिक कोल्डरुम/ बधस्थल निर्माण कार्य गर्नुपर्नेछ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## परिच्छेद -३
## आर्थिक पक्ष

७. साझेदार रकमः (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । प्रविधि र पूर्वाधार सम्बन्धी पुँजीगत क्रियाकलापहरुमा कुल लागतको ८० प्रतिशत वा बढीमा कार्यविधिमा उल्लेल्खित कार्यक्रमहरुका लागि प्रती साझेदार बापत छुट्टयाइएको अधिकतम रकम, प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ ।

(२) साझेदारहरुलाई निर्देशनालय/कार्यालयको तर्फवाट मेशिन खरिदको लागि, संरचना निर्माणको लागि, मेशिन खरिद तथा संरचना निर्माण रकमको अधिकतम ८० प्रतिशत वा बढीमा कार्यविधिमा उल्लेल्खित कार्यक्रमहरुका लागि प्रती साझेदार बापत छुट्टयाइएको अधिकतम रकम हुनेछ ।

(३) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुटयाईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(४) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको बिललाई प्राविधिक सिफारिसमा बढीमा तीन किस्तामा साझेदारको बैक खाता मार्फत भुक्तानी गर्न सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत कार्य सम्पन्नको फोटो भए पश्चात मात्र भुक्तानी गरिनेछ।

(५) पूजीगत खर्च शीर्षक उल्लेख भएका निर्माण व्यवसायी छनौट गर्नुपर्ने कार्यक्रमहरुको भुक्तानी प्रचलित कानून बमोजिम नै हुनेछ । साथै यस कार्यक्रमहरुमा लागत साझेदारी आवश्यक नभएमा पनि कार्यक्रम सञ्चालनमा बाधा पुग्ने छैन ।

## परिच्छेद -४
## अन्य व्यवस्था

८. दोहोरोपना नहुनेः (१) यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । साथै पछिल्लो दुई वर्ष भित्र निर्देशनालय र मातहतका कार्यालयबाट सोही प्रकृतिका अनुदान पाएका अनुदानग्राहीहरु, यस आर्थीक वर्षको कार्यक्रमका लागि आवेदक हुन पाउने छैनन्।

(२) सम्झौता गर्नु अघि अन्य तह र कार्यक्रमबाट दोहोरो सुबिधा नलिएको प्रतिबद्दता पत्र लिएर मात्र आवेदकसंग सम्झौता गर्नु पर्नेछ ।

९. अनुगमन तथा मुल्यांकनः कार्यक्रमको अनुगमन तथा मुल्यांकन मन्त्रालय, निर्देशनालय तथा केन्द्रले आवश्यकता बमोजिम गर्नेछ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१०. <u>कारबाही सम्बन्धी व्यवस्था:</u> साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. <u>संशोधन:</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संसोधन गरिनेछ ।

१२. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

मानानीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -१

कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हानको सूचनाको ढाचाँ

*प्रथम पटक प्रकाशन मिति:*

बोर्ड/निर्देशनालय/कार्यालयको आर्थिक वर्ष....को वार्षिक स्वीकृत कार्यक्रम अनुसार........कार्यक्रममा इच्छुक आवेदकहरुवाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र (सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालय) मा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

(१)अनुसूची-२ बमोजिमको आवेदन,

(२)संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

(३)संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,

(४)संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),

(५)अनुसूची -३ अनुसारको प्रस्ताव,

(६)अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,

(७)स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार),

(८)निर्माणस्थलको कागजात,

(९)संरचना निर्माणको हकमा डिजाईन र लागत अनुमान, ,

(१०)आवश्यक अन्य कागजात ।

पुनश्चः प्रविधी र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ ..... वेभसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

भागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची -२

## आवेदन फाराम

मिति :

श्रीमान प्रमुखज्यू,
बोर्ड/निर्देशनालय/कार्यालय
............।

**विषय : कार्यक्रममा समावेश हुन पाउँ ।**

महोदय,
प्रस्तुत विषयमा तहाँ (कार्यालयको नाम) बाट मिति ......मा प्रकाशित सूचना अनुसार ................................ कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसैसाथ संलग्न गरी यो आवेदन पेश गरेको/गरेका छु/छौं । यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारबाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरुः

(१)अनुसूची-२ बमोजिमको आवेदन,
(२)संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
(३)संस्थाको स्थायी लेखा नम्बर (PAN) र करचुक्ता,
(४)संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
(५)अनुसूची -३ अनुसारको प्रस्ताव,
(६)अनुसूची -४ बमोजिमको प्रतिवद्धता पत्र,
(७)स्थानीय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र (आवश्यकता अनुसार),
(८)आवश्यक अन्य कागजात ।

आवेदक
नामः
पदः
ठेगानाः
छापः

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -३

प्रस्ताव

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण:

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईरटरको वा अध्यक्षको नाम: | |
| मोबाइल नं. | |
| कार्य क्षेत्र: | |
| अनुभव | |
| प्रस्तावित कार्यक्रमको कूल खर्च (यसमा प्रोत्साहन र साझेदारको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| माग गरेको कूल रकम रु. | |

२. आवेदकसँग हाल भईरहेको जनशक्ति विवरण

| क्र.स. | नाम थर | शैक्षिक योग्यता | कार्य अनुभव क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

३. आवेदकले अन्तराष्ट्रिय/राष्ट्रिय स्तरवाट उत्कृष्ट कृषक/कृषि फर्मको पुरस्कार प्राप्त गरे/नगरेको(प्रमाण पेश गर्नुपर्ने):

| क्र.स. | पुरस्कारको नाम | पुरस्कार प्रदान गर्ने संस्था | बापत (कुन प्रयोजनको लागि पुरस्कार दिइएको) | कैफियत |
|---|---|---|---|---|



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

४. आवेदकले प्राप्त गरेको अन्तराष्ट्रिय/राष्ट्रिय स्तरको तालिम विवरण (प्रमाण पेश गर्नुपर्ने)::

| क.स. | तालिमको नाम | तालिमको विषय | तालिम प्रदान गर्ने संस्था | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

५. लाभान्वित हुने कृषक घरधुरीः

| क.स. | कृषकको नाम थर | ठेगाना | हालको व्यवसाय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

६. प्रस्तावित क्रियाकलापहरुः

क. चालू र पूजिगत क्रियाकलापहरु खर्चको विवरणः

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमवाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| ख. पूजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -४

प्रतिबद्धता पत्र

............................को मिति..............................को सूचना अनुसार ........कार्यक्रम सञ्चालनको सहभागिताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अुनसारको कार्य नगरेमा प्रदेश सरकारवाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं ।अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

आवेदकको तर्फबाट

नामः

पदः

स्थानीय तहको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

सम्बन्धित बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

अनुसूची -५

<u>मूल्याङ्कनका आधारहरु</u>

पूर्णाङ्क:१००

उतीर्णाङ्क:५०

| क्र.सं. | विवरण | अंक | कैफियत |
|---|---|---|---|
| १ | आबेदकको प्रकार | १५ | |
| १.१ | सहकारी | १५ | |
| १.२ | समुह | १२ | |
| १.३ | नीजि फर्म | १० | |
| २ | आवेदकको ब्यबसायिक कृषिमा अनुभब | १५ | प्रस्तावमा उल्लेख गर्नुपर्ने |
| २.१ | ५ बर्ष भन्दा बढी | १५ | |
| २.२ | २ देखि ५ वर्ष | १२ | |
| २.३ | २ वर्ष भन्दा कम | १० | |
| ३ | उपलब्ध सुविधा तथा भौतिक पूर्वाधार | १५ | स्थानीय तहको सिफारीस |
| ३.१ | सडक, बाटो, बिजुलीको सुविधा भएको | १५ | |
| ३.२ | सडक, बाटो, बिजुलीको सुविधा मध्ययन भएको | १० | |
| ३.३ | सडक, बाटो, बिजुलीको सुविधा न्यून भएको | ५ | |
| ४ | बाली क्षेत्रफल/उत्पादन परिमाण/पशु संख्या | २० | सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयले विस्तृतीकरण गर्नुपर्ने |
| ५ | प्राविधिक उपयुक्तता | १५ | सम्बन्धित बोर्ड/निर्देशनालय/कार्यालयले निक्यौल गर्ने |
| ६ | नविनतम क्रियाकलापहरु सञ्चालन भएको | १० | |
| ७ | आवेदकले प्राप्त गरेको तालिम, पुरस्कार | १० | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

नोट: छनौटको लागि कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ र मूल्यांकन समितिले अनुसूची-५ मा उल्लेख भएका मूल्यांकनका सूचकलाई आधार मानी थप खण्डिकरण गर्नु पर्ने भएमा सूचना आव्हान पहिला मूल्याङ्कन समितिले निर्देशनालयबाट स्वीकृती लिनु पर्नेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री